राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत पत्र प्राप्त संस्था)

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
## केन्द्रीय कार्यालय
## मानव संशाधन विभागको
# सूचना

**(पुन: प्रकाशित मिति : २०७३।०४।०५)**

लोक सेवा आयोगको सहमति अनुसार यस बैंकमा रिक्त रहेको तह ८, प्रवन्धक (सूचना प्रविधि) पदमा खुला प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नु पर्ने भई मिति २०७२।०२।२६ मा प्रथम पटक सूचना प्रकाशित भएकोमा उमेर हदको विवादका कारणले मिति २०७२।०३।२७ गते देखि दरखास्त फाराम बुझ्ने कार्य स्थगित गरिएकोमा हाल साविक सूचनामा उल्लेखित उमेर हद संशोधन भएकोले संशोधित व्यवस्था बमोजिम पुन: यो सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित उमेर हद, आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका तथा कुनै वात कसुर नलागेका इच्छुक योग्य नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ । यस विज्ञापनमा मिति २०७२।०२।२६ गतेको सूचना अनुरुप दरखास्त फाराम बुझाइ सकेका उम्मेदवारहरुको हकमा सोही दरखास्त फारामलाई मान्यता दिइने छ । निजहरुले पुन: दरखास्त फाराम भर्नु पर्ने छैन । अन्य इच्छुक उम्मेदवारहरुले भने बैंकले तोकेको दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भरी सो साथ आफुले प्राप्त गरेको नागरिकता तथा एस.एल.सी. वा सो सरह र सो भन्दा माथिको शैक्षिक योग्यताको प्रमाणपत्र तथा ट्रान्सकृप्टहरुको प्रतिलिपी स्वयमले प्रमाणित गरी हालसालै खिचिएको २ प्रति पासपोर्ट साईजको फोटो टाँसी तोकिएको कार्यालयमा पेश गर्नु पर्नेछ । दरखास्त फाराम यस बैंकको सम्वन्धित क्षेत्रीय कार्यालयवाट रु.१००।– (रु. एक सय) नगद तिरी प्राप्त गर्न सकिनेछ । नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संगठित संस्थाको सेवामा कार्यरत उम्मेदवारहरुले दरखास्त साथ विभागीय स्वीकृति अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । परीक्षा दस्तुर वापत सम्वन्धित क्षेत्रमा रहेका यस बैंकका शाखा कार्यालयमा **"आम्दानी अन्यको अन्य" लेखा कोड नं. ९५९९०२०००** हिसावमा जम्मा गरेको सक्कलै अर्धकट्टी भौचर दरखास्त फारामसाथ पेश गर्नु पर्नेछ ।

म्याद नाघी आएको, रित नपुगेको तथा आवश्यक न्यूनतम शैक्षिक योग्यता नपुगेका र शर्त सहितको दरखास्त उपर कुनै कारवाही हुने छैन । साथै नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संगठित संस्थाको सेवाबाट भविष्यमा अयोग्य ठहरिने गरी अवकाश पाएको, नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको र मानसिक सन्तुलन ठिक नभएको उम्मेदवारहरुको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

(१) पद:– प्रवन्धक (सूचना प्रविधि) (२) तह :– ८ (३) सेवा :– प्रशासन (४) समूह :– सूचना प्रविधि (५) सेवाको किसिम :– स्थायी

(६) बिज्ञापन नं. र आवश्यक पद संख्या :

| क.सं. | विज्ञापन नं. | कार्यालय | जम्मा पद संख्या | खुला समूह | दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान |
|---|---|---|---|---|---|
| १ | २५।०७१।७२ | केन्द्रीय कार्यालय | १ | १ | क्षेत्रीय कार्यालय काठमाण्डौ, टेकु |

(७) आवश्यक न्यूनतम शैक्षिक योग्यता :– मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर (Computer) वा कम्प्यूटर साइन्स (Computer Science) वा कम्यूनिकेशन (Communication) वा सूचना प्रविधि (Information Technology) विषयमा स्नातकोत्तर तहको योग्यता हासिल गरेको ।

(८) थप अनुभव : Minimum 8 years working experience in Banking Software Which Includes.
a) At Least 5 years working experience as a IT officer in Commercial Bank .
b) At Least 3 years working experience as a Banking Software Developer in any IT Company, which has been supplying its software for Commercial Bank.

(९) तलव तथा अन्य सुविधा :– बैंकको प्रचलित नियम अनुसार ।

(१०) उम्मेदवारको उमेर :– दरखास्त दिने अन्तिम मिति (२०७३।०५।०३ गते) सम्ममा २१ बर्ष पूरा भई ३५ बर्ष ननाघेको । (महिला उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४० वर्ष ननाघेको ।)

(११) उमेरको हद :– यस बैंकको बहालवाला स्थायी कर्मचारीहरुलाई उमेरको हद लाग्ने छैन ।

(१२) उम्मेदवारको छनौट विधि :– लिखित तथा प्रस्तुतीकरण र अन्तर्वार्ता ।

(१३) अन्य सेवा शर्त :– राष्ट्रिय वाणिज्य बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०७० बमोजिम ।

(१४) परीक्षणकाल अवधि : महिला कर्मचारीलाई ६ महिना र पुरुष कर्मचारीलाई १ वर्ष ।

(१५) पदस्थापन :– यस बिज्ञापन अनुसार नियुक्त हुने कर्मचारीलाई बैंकको केन्द्रीय तथा अन्य कार्यालयहरुमा काम गर्ने गरी पदस्थापन गरिनेछ ।

(१६) परीक्षा दस्तुर :– रु. ७००।– (सात सय) ।

(१७) दरखास्त बुझाउने मिति :– यो सूचना पुन: प्रकाशित मितिले ३० दिन भित्र (मिति २०७३।०५।०३ गते सम्म) र दोब्बर दस्तुर तिरी थप ७ दिन भित्र (मिति २०७३।०५।१० गते सम्म) ।

(१८) परीक्षा हुने स्थान र मिति :– पछि सूचना प्रकाशित गरिनेछ ।

(१९) समकक्षता निर्धारण प्रमाणपत्र :– उपर्युक्त पदमा दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट मान्यता प्राप्त भएको र समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(२०) दरखास्त फाराम र लिखित परीक्षाको पाठ्यक्रम राष्ट्रिय वाणिज्य बैंकको Website: www.rbb.com.np को Career Notice मा राखिएको छ । वेवसाइटबाट डाउनलोड गरिएको दरखास्त फाराम बुझाउँदा दरखास्त फारामको दस्तुर वापत रु. १००।– यस बैंकमा बुझाई सोको सक्कलै भौचर पेश गरेको हुनु पर्नेछ ।

(२१) उपरोक्त पदहरुको लिखित परीक्षा सञ्चालन लोक सेवा आयोगले गर्नेछ ।

**सदस्य सचिव**
**पदपुर्ति समिति**